# चौरपाटी गाँउपालिका

## नीति तथा कार्यक्रम २०७५/०७६

चौरपाटी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
चौरपाटी अछाम
प्रदेश नं. ७

Scanned with CamScanner

चौरपाटी गाँउपालिकाको आ.ब. २०७५।०७६ को गाँउ सभाका अध्यक्ष ज्यु

गाँउ सभाका सदस्य ज्युहरु

नि प्रशासकिय अधिकृत लगाएत सम्पुर्ण कर्मचारी मित्रहरु

सर्वप्रथम म यो गाउँ सभाबाट चौरपाटी गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेटको औपचारिक प्रस्तुतीकरण पूर्व, नेपाली जनतालाई सार्वभौम सत्ता सम्पन्न बनाउन र जनताको मुक्ति स्वतन्त्रता , न्याय र प्रजातन्त्र लोकतन्त्र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका जनआन्दोलन र संघर्षका गौरवपूर्ण ईतिहासलाई स्मरण गर्दै यो कठिन यात्रामा सहभागी भई आफ्नो जीवन उत्सर्ग गर्ने समस्त ज्ञात अज्ञात शहिदहरुलाई हृदय देखि स्मरण गर्दै हार्दिक श्रदाञ्जली अर्पण गर्दछु।

**सभाध्यक्ष महोदय,**

संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई अक्षरस : पालना गर्ने क्रममा आज हामी चौरपाटी गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यो कार्यक्रममा आर्थिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षविभोर भएका छौं । देशलाई यस स्थिती सम्म ल्याई पुऱ्याउने आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाईतेहरु, द्वन्द्वपिडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भूमिका खेल्ने ती सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुलाई पुन : सम्झन चाहान्छौं र सम्मान प्रकट गर्दछु। संघीयता र स्थानीय सरकार मार्फत गाउँ गाउँमा सिंहदरवारलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौतीको रुपमा देखिएको छ । अधिकार, स्रोत साधन बजेट उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकार सम्पन्न बनाउने प्रयास गरिएको छ जुन पुन: स्वागत योग्य छ।

नेपालको इतिहासका विभिन्नकालखण्डमा मुखरित भएका जनताका आवाज वा चाहाना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था युक्त वर्तमान स्वाधीन नेपालको स्थानीय सरकारको रुपमा रहेको यस चौरपाटी गाउँपालिकाको गरिमामय तेस्रो गाउँसभामा नीति, कार्यक्रम तथा बजेट को प्रस्तुत गर्ने सुवर्ण अवसर पाएकोमा व्यक्तिगत रुपमा समेत गौरव महसुस गरेको छु !

जनताको विकासको चाहाना कार्यान्वन गर्न सारथीको रुपमा भुमिका निर्वाह गर्नु भएका नीति, कार्यक्रम तथा बजेटको मस्यौदा तयार गर्ने कार्यमा सहयोग गर्न अहोरात्र खट्नु भएका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**सभाध्यक्ष महोदय ,**

अछाम जिल्लाका १० वटा स्थानीय तह मध्ये यस चौरपाटी गाउँपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनताका प्रतिनिधि सामु थुप्रै अवसरका साथ-साथै चुनौतीहरु पनि निकै नै छन् । स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको कार्यान्वयनका लागि सारा राज्य नै लागि रहेको वर्तमान

Scanned with CamScanner

अवस्थामा यो एक नितान्त नयाँ प्रणाली र प्रक्रिया भएकाले केही अन्यौलता र द्विविधाका बावजुत नेपालको संविधान ऐन कानुन तथा मन्त्रालयहरुबाट प्राप्त दिग्दर्शन आदिका आधारमा विविध विषयगत सिलिङको आधारमा सहभागीतामुलक तवरले आयोजना र कार्यक्रम छनौट गरी नीति , कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने प्रयत्न गरेको छु ।

चौरपाटी गाउँपालिकाको आ.ब. २०७५/०७६ को वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्दै गर्दा सर्वशुलभ जनजीविका र विकासका पूर्वाधारहरुमा सर्वसाधारणको पहुँच, उत्पादनमुलक क्षेत्रको पहिचान, आर्थिक विकास र समृद्धि, जनतालाई प्रभावकारी तथा सरलरुपले सेवा प्रवाह, पारदर्शीता र सुशासन, स्थानीय स्रोतसाधनलाई विकास निर्माणमा अधिकतम उपयोग गर्दै जनसहभागितामा सञ्चालन हुने कार्यक्रमहरुलाई प्राथमिकतामा राखिएको छ । प्राकृतिक प्रकोप विपद व्यवस्थापन, धार्मिक संस्कृतिक मूल्य मानयता, पर्यटकीय क्षेत्रको संरक्षण, संवर्द्धन वातावरण तथा वनजंगल संरक्षण, समाजमा पछि परेका तथा पछाडी पारिएका महिला, दलित, जनजाती, असहाय, अपाङ्ग बालबालिका अल्पसंख्यक लाई कृषि, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा समग्र स्थानीय स्तरमा सुधार योजनाका लागि नीति कार्यक्रम तथा बजेटमा समावेश गर्ने प्रयास गरेको छु ।

चौरपाटी गाउँपालिकाले आ.व. २०७५/०७६ को आर्थिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लिएका मुख्य मुख्य आधारहरु :

- नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुची
- नेपालको संविधानको उल्लेखित मौलिका हकहरु
- नेपालको संविधान भाग ४ अन्तर्गत , राज्यका आर्थिक सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकार बाट स्वीकृत संघ , प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- स्थानीय शासन सञ्चालन ऐन र नियममावलीका प्रावधानहरु
- विकासका समसायिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन / विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गीक सशक्तीकरण तथा समावेशी विकास, वालमैत्री स्थानीय शासन वातावरणमैत्री स्थानीय खुला दिसा मुक्त तथा पूर्ण सरसफाई उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु
- चौरपाटी गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु

**सभाध्यक्ष महोदय,**

Scanned with CamScanner

हामीले यस आ.व.२०७५/०७६ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा आधार लिएका र आगामी दिनमा पुरा गर्ने गरी लिईएका नितीहरु निम्नानुसार रहेका छन :

## १. आर्थिक विकास सम्बन्धी नीति

- बढ्दो बेरोजगारी तथा जिविकोपार्जनमा देखिएका समस्याहरुलाई मध्यनजर गर्दै खासगरी यूवाहरुलाई लक्षित गरि उनिहरुका व्यवशायमूलक सीपको विकास गर्न **उद्यमशिलता विकास कार्यक्रम**, सहकारीका माध्यमबाट सस्तो ब्याजदरमा ऋण प्रवाहरु गरि बिभिन्न आयमूलक क्रियाकलाप मार्फत जिविकोपार्जमा सहज पुरयाउने हेतुले **एक वडा एक सहकारी ए वडा एक उत्पादनको कार्यक्रम** प्रस्ताव गरेको छु।
- आर्थिक समृद्धिका लागि कृषिमा लगानी भन्ने नीति लिदै हाम्रो गाँउपालिका भरी बिभिन्न सम्भावना भएका क्षेत्रको माटो परिक्षण गर्ने र सोहि अनुसार तरकारी, फलफुल तथा अन्य नगदेवालीको उत्पादन गर्न बिउबिजन र तरकारीका बोटबिरुवा सहयोग गर्ने नीति लिईएको छ।
- २०७४ सालमा परेको असिनापानीले गहुबालीमा पुऱ्याएको क्षतिलाई मध्यनजर गर्दै क्षति वास्तविक तथ्यांक संकलन गरी पूर्ण सहुलियतमा किसानलाई गहुको बिउ सहयोग गर्ने कार्यक्रम प्रस्तुत गरेको छु।
- प्रत्यक वडाहरुलाई पशु स्रोत केन्द्रको रुपमा विकास गरि उन्नत डालेघाँस तथा भुई घाँसको उत्पादनलाई बृद्धि गरी पशुपालन लागत घटाउने र पशु नश्ल सुधारका लागि उन्नत राँगो, साडे तथा बोका वितरण गर्नुका साथै कृतिम गर्भाधानमा सेवा प्रारम्भ गरिने छ।
- दुग्ध र मासुमा आत्मनिर्भर गाउँपालिका बनाउने लक्ष्यलाई पुरा गर्न किसानहरुलाई प्रोत्साहन गरिनेछ।
- सहकारीलाई आर्थिक समृद्धि र गरिवी निवारणको पुरक माध्यमको रुपमा विकास गर्न गाउँपालिकाको सहकारी ऐन पारित भैसकेकोले सहकारी संस्थाको दर्ता, नियमन तथा व्यवस्थापन गाउँपालिकाबाट गरिने छ र एक वडा एक सहकारीको नीति लिईएको छ।
- स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी साना तथा घरेलु उद्योग संरक्षण तथा संवर्द्धन र प्रोत्साहन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

## २. सामाजिक विकास

### क. शिक्षा

- बिद्यालय शिक्षालाई सर्वसुलभ तथा गुणस्तरीय बनाउन गाँउपालिकाको यस बर्ष व्यवस्थापकिय कार्यहरुमा बिशेष जोड दिने नीति लिएको छ। गाँउपालिकाको शिक्षा योजना, गाँउ शिक्षा समिति, बिद्यालय व्यवस्थापन समिति तथा शिक्षकको व्यवस्थापकिय क्षमता विकास यस बर्षको मुख्य प्राथमिकताको हुनेछ।
- बिद्यालय सुशासनका लागि सबै वडाका उच्च तहका बिद्यालयमा बिद्युतिय हाजिरी जडान तथा बिद्यालयमा ईन्टरनेट सुबिधा विस्तारका क्षेत्रमा जोड दिईनेछ।
- गाँउपालिकामा एउटा स्नातक स्तर सम्मको क्याम्पसको स्थापनाका लागि आवश्यक तयारी गरिनेछ।

Scanned with CamScanner

- शिक्षक बिद्यार्थीको अनुपातका आधारमा शिक्षकको दरबन्दी मिलान गर्ने नीति गरिने छ ।

**ख. स्वास्थ्य**

- प्राथमिक स्वास्थ्य केन्द्र चौरपाटीलाई थप स्रोत र साधनयुक्त बनाई १५ सैयाको अस्पतालको रुपमा विकास गरिनेछ ।
- सबै वडाको स्वास्थ्य संस्थामा नेपाल सरकारको मापदण्ड अनुसारको औषधीहरु उपलब्ध गराईने छ ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयमसेवकले पुऱ्याएको योगदानको कदर गर्दै उनीहरुलाई प्रोत्साहित गरिने नीति लिइएको छ ।

**ग. खानेपानी तथा सरसफाई :**

- जनताको खानेपानी तथा सरसफाईमा पहुँच विस्तार गर्न खानेपानी तथा सरसफाई दिर्घकालिन गुरुयोजना निर्माण गरिनेछ र वडा स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति मार्फत त्यसको कार्यान्वयन गरिनेछ ।
- गाँउपालिकालाई पूर्ण सरसफाइ उन्मुख घोषणा गर्न जोड दिईनेछ ।

**घ. लैगिंक समानता तथा सामाजिक समावेशीकरण :**

- सामाजिक समावेशीकरण प्रर्वद्धन गर्न एकल महिला, असहाय, अनाथ तथा टुहुरा बालबालिका, आदिवासी तथा जनजाति, अल्पसंख्यक, दलित, युवा, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण र मूलप्रवाहिकरण गर्न आर्थिक तथा क्षमता विकासका कार्यक्रमहरु सरोकारवाला निकायकसंगको साझेदारी र सहकार्यमा संचालन गरिनेछ ।

**ङ. संस्कृति तथा पर्यटन**

- लोपोन्मुख अवस्थामा रहेका स्थानीय कला संस्कृति झल्किने खालका पहिरन तथा बाजा गाजा को संरक्षणका लागि एक गाँउ एक संस्कृतिलाई प्राथमिकता दिईनेछ ।
- ऐतिहासिक तथा पुरातात्विक महत्वका साँस्कृतिक धरोहरहरुको संरक्षणमा जोड दिईने छ ।

## ३. पुर्वाधार विकास

- पूर्वाधार निर्माणका कार्यक्रम संचालन गर्दा अत्याश्यक स्थानमा मात्र मेसिनको प्रयोगरी व्यापक रुपमा विकासमा जनताको सहभागिता र श्रमलाई प्रोत्साहन गर्दै रोजगारी सृजना गर्ने नीति ल्याएका छौ ।
- दाङ -चौरपाटी, साफें बैजनाथ -चौरपाटी, चौखुट्टे- चौरपाटी चित्रे, बिरखम्म देखि गयल चौरपाटी जोड्ने सडक सञ्जाललाई पाँच वर्ष भित्र चौरपाटी गाउँपालिकाको प्रवेश द्धारको रुपमा रहेका सडकलाई चौरपाटी गाउँपालिकाको गौरवको योजनाका रुपमा लिई आवश्यक प्रक्रिया अगाडि बढाईनेछ ।

Scanned with CamScanner

- भवन संहिताको पूर्ण रुपले पालना गरिनेछ ।

## ४. वन, वातावरण तथा बिपद व्यवस्थापन

- गाँउपालिका स्तरमा कुनै एक ठाँउमा बहुउदेशिय नर्सरी स्थापनामा जोड दिईनेछ ।
- गाँउपालिका भरीका सामुदायिक बनको लागत संकलन गरी सामुदायिक बन उपभोक्ता समितिको क्षमता विकास, अनुगमन तथा नियमन गरी बनको संरक्षणका लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- नांगा डाडाहरुलाई हराभरा पार्ने गरि बृक्षारोपणको कार्यक्रम संचालन तथा वन पैदावार चोरी पैठारी गर्ने कार्यलाई नियन्त्रण गरिनेछ ।
- आकस्मिक रुपमा आई पर्ने प्राकृतिक प्रकोप तथा बिपद व्यवस्थापनका लागि गाँउपालिका स्तरीय बिपद व्यवस्थापन कोषको स्थापना र बिपद जोखिम पुर्वतयारीका लागि योजना निर्माण र त्यसको कार्यान्वयन संयन्त्रको विकास गरिनेछ ।
- पानीका मुहानहरु दिन प्रति दिन सुक्दै जाने सुख्खा तथा खडेरीले मानवीय जिवनलाई आकान्त पारिरहेको तथ्यलाई मध्यनजर गरी प्राबिधिक अध्ययन सहित बिभिन्न ठाँउमा रिचार्ज पोखरीहरु निर्माण गर्न ब्यापक जनपरिचालन गर्ने नीति लिईनेछ ।

## ५. संस्थागत विकास , वित्तीय व्यवस्थापन र सुशासन सम्बन्धी नीति

- सेवा प्रवाहलाई सबै वडामा सुचना प्रविधिमा आवद्ध गरी वेभसाईड मार्फत गाँउपालिकाका ऐन निमय तथा कार्यबिधीहरु र नीति, कार्यक्रम तथा बजेट सम्बन्धी दस्तावेजहरु नागरीकको सहज पहुँचमा पुऱ्याउने संयन्त्रको विकास गरिनेछ ।
- गाँउपालिका तथा वडाबाट प्रवाह गरिने सेवा र सुबिधाहरुलाई नागरीक मैत्री बनाउन सामाजिक सुरक्षा कार्यक्रमलाई जनताको घरदैलोमा पुऱ्याउने, एकिकृत रुपमा घुम्ती शिविर संचालन गर्ने कार्यलाई जोड दिईने छ ।
- सरकारी सेवा प्रदायक निकायमा दक्षता र जवाफदेहिता, पारदर्शीता प्रभावकारिता, कानुनको परिपालन र भ्रष्टाचार मुक्त शासन सुनिश्चितताको लागि सामाजिक जवाफदेहितालाई प्रवर्द्धन गर्ने विधीहरुको अवलम्वन गरिनेछ ।
- न्याय सेवा छरितो र सहज बनाउन सबै स्थानीय तहमा कानुनी व्यवस्था गरी जन प्रतिनिधिहरुलाई तालिम प्रशिक्षण द्धारा सक्षम बनाईनेछ ।
- आफ्नै सरकार खुला सरकारको अवधारणालाई मूर्तरुप दिन संकलित राजश्वको विस्तृत सुचना हरेक ६ महिनामा सार्वजनिक गरिनेछ ।

Scanned with CamScanner

- गाउँपालिकाको पार्श्वचित्र श्रोत नक्सा र विकास गतिविधी सम्बन्धी समेटिएको बृतचित्र निर्माण गरी गाउँपालिकाको वास्तविक दर्पण जानकारी गराईनेछ ।
- आत्मनिर्भर गाउँपालिकाको सोच अनुरुप बढी भन्दा बढी आन्तरिक राजश्व परिचालन गर्न सो घोषणामा आधारित कर निर्धारण पद्धती अवलम्बन गरिनेछ । नागरिक स्वयमलाई कर दायित्व बोध गराउन जोड दिईनेछ ।

**बजेट तथा कार्यक्रम**

अध्यक्ष महोदय
नीति तथा कार्यक्रम तर्जुमाका क्रममा नेपालको संविधान चालु त्रिवर्षिया योजना, आ.व ०७५।७६ को नेपाल सरकारको बजेट वक्तव्य, विभिन्न क्षेगत नीतिलाई आधार लिएको छ । स्थानीय तहको गठन पश्चातको दोस्रो बजेट सभा र जनप्रतिनिधि निर्वाचित भए पश्चात दोस्रो बर्षको यस गरिमामय सभा समक्ष अब म आ.व ०७५।०७६ को वार्षिक बजेट अनुमानित आय व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु वर्षको लागि कूल रू १७ करोड ८६ लाख ९ हजारको बजेटको विस्तृत विवरण अनुसूचीहरूमा समावेश गरिएको छ । जसको संक्षिप्त बिवरण निम्नानुसार रहेको छ ।

जम्मा आय तर्फ राजश्व अन्तरगत आन्तरीक राजश्व अनुमान जम्मा रु ९३ लाख ७४ हजार, राजश्व बाँडफाडबाट प्राप्त रकम रु ७ करोड ८७ लाख ७१ हजार र अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट प्राप्त रकम अन्तरगत संघिय सरकारबाट प्राप्त रु ८ करोड ३५ लाख र प्रदेश सरकारबाट रु ६९ लाख ६४ हजार गरि कूल रू १७ करोड ८६ लाख ९ हजार रहेको कुरा यस सभा समक्ष जानकारी गराउन चाहन्छु । उपरोक्त जम्मा बजेटलाई निम्नानुसारको व्यय अनुमान गरिएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

Scanned with CamScanner

| शीर्षक | आ.व.७५/०७६ को अनुमान (हजारमा) | प्रतिसत |
|---|---|---|
| चालु खर्च | ४७००० | २६।३२% |
| पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | ६००० | |
| कर्मचारी पारिश्रमिक तथा सुविधा | १६००० | |
| कार्यालय सञ्चालन सम्बन्धी खर्च | ५००० | |
| मर्मत सम्भार खर्च | २००० | |
| कार्यक्रम खर्च | १००० | |
| परामर्श तथा अन्य सेवा शुल्क | ५००० | |
| अनुगमन, मुल्याङ्कन र भ्रमण खर्च | २००० | |
| ऋणमा ब्याज भुक्तानी | ० | |
| अन्तर स्थानीय तह वित्तीय हस्तान्तरण/अनुदान | ० | |
| प्रोत्साहन भत्ता | १००० | |
| इन्धन | ३००० | |
| विविध खर्च | १००० | |
| न्यायिक समितिको कार्यसम्पादन तथा क्षमता विकास | १००० | |
| पूँजिगत खर्च | १३१६०९ | ७३।६८ % |
| जग्गा खरिद | ३००० | |
| भवन निर्माण/खरिद | ० | |
| फर्निचर | १००० | |
| सवारी साधन | ५००० | |
| मेशिनरी औजार | १००० | |
| सार्वजनिक निर्माण | १२०६०९ | |
| पूँजिगत अनुसन्धान तथा परामर्श | ५००० | |

**सभाध्यक्ष महोदय,**

यस आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रमको उत्तरार्धमा पुगिरहदा नीति कार्यक्रम तथा बजेट बनाउन सहयोग पुऱ्याउन हुने गाउँसभा, गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यु, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्युहरु, वडा स्तरिय देखि सहभागी भई आयोजना कार्यक्रम छनोटमा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सक्रिय जनसमुदाय, बजेट निर्माण प्रक्रियामा अहोरात्र खटिरहनु भएका कर्मचारी मित्रहरु लगायत नीति कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहभागी हुनु हुने एंव अमुल्य सहयोग सुझाव सल्लाह दिनु हुने सम्पूर्ण प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ॥॥**

Scanned with CamScanner

# आय व्ययको विवरण

आ.व.२०७५/७६

अनुसूची-१

रु. हजारमा

| शीर्षक | | | आ.व. २०७३/७४ को यथार्थ | आ.व. २०७४/७५ यथार्थ | आ.व. ७५/७६ को अनुमान |
|---|---|---|---|---|---|
| आयः | | | | १५५ | ३०५४६५ |
| | राजस्वः | | | ० | २१५००१ |
| | | आन्तरिक राजस्व | | | ९३३५ |
| | | संघीय सरकार राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | ७५२३४ |
| | | प्रदेश सरकार राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | ३५३७ |
| | | बहुक्षेत्रीय पोषण अनुदान | | | १५४० |
| | | ससर्त अनुदान | | | १२५३५५ |
| | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | १३० | ९०४६४ |
| | | संघीय सरकारबाट वित्तीय हस्तान्तरणबाट प्राप्त | | १०० | ८३५०० |
| | | प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणबाट प्राप्त | | ३० | ६९६४ |
| | | अन्तर स्थानीय तहबाट प्राप्त | | | ० |
| | जनसहभागिताः | | | २५ | ० |
| | | नगद सहभागिता | | २० | ० |
| | | श्रम तथा वस्तुगत सहायता | | ५ | ० |
| व्ययः | | | | ० | ३०५४६५ |
| | चालु खर्च | | | ० | ४७४०० |
| | पूँजिगत खर्च | | | ० | १३११७० |
| | | बहुक्षेत्रीय पोषण अनुदान | | | १५४० |
| | ससर्त अनुदान | | | | १२५३५५ |
| बजेट बचत (+)/न्यून (-) | | | | १५५ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| वित्तीय व्यवस्था | | | | ० | ० |
| | खुद ऋण लगानी | | | ० | ० |
| | | ऋण लगानी (-) | | ० | ० |
| | | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | ० | ० |
| | | | | | |
| | खुद शेयर लगानी | | | ० | ० |
| | | शेयर लगानी (-) | | ० | ० |
| | | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | ० | ० |
| | | | | | |
| | खुद ऋण प्राप्ती | | | ० | ० |
| | | ऋणको साँवा भुक्तानी (-) | | ० | ० |
| | | ऋण प्राप्ती (+) | | ० | ० |

| | | | |
|---|---|---|---|
| अन्तिम बजेट बचत (+)/न्यून (-) | | १५५ | ० |



Scanned with CamScanner

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७५/७६

अनुसूची-२

रु. हजारमा

| | शीर्षक | आ.व. २०७३/७४ को यथार्थ | आ.व. २०७४/७५ को संशोधित अनुमान | आ.व. ०७५/०७६ को लक्ष्य |
|---|---|---|---|---|
| राजस्वः | | ० | ८५८ | ९३३५ |
| | आन्तरिक राजस्वः | ० | ८५८ | ९३३५ |
| | सम्पत्ती कर | ० | ० | २६० |
| | घरबहाल कर | ० | ९७ | १०० |
| | घरजग्गा रजिष्ट्रेशन शुल्क | ० | ० | ० |
| | सवारी साधन कर | ० | ० | ० |
| | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा) | ० | ९० | ० |
| | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा) | ० | ७० | ४०० |
| | पर्यटन शुल्क | ० | ० | ० |
| | विज्ञापन कर | ० | ० | ० |
| | व्यवसाय कर | ० | ४५० | ३५० |
| | भूमिकर (मालपोत) | ० | १५१ | ० |
| | दण्ड जरिवाना | ० | ० | ० |
| | मनोरञ्जन कर | ० | ० | ० |
| | मालपोत संकलन | ० | ० | ० |
| | बहाल विटौरी घर जग्गा कर | ० | ० | ० |
| | मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छ | ० | ० | ० |
| | प्राकृतिक स्रोत साधन जडिबुटि व्यवसायिक कर | ० | ० | २२५ |
| | शेयर लगानीबाट प्राप्त लाभांश तथा पूँजिगत लाभ आ | ० | ० | ० |
| | ऋण लगानीबाट प्राप्त व्याज आय | ० | ० | ० |
| | अन्य ( स्काई भेटर) | ० | ० | ८००० |
| | | | | |
| | राजस्व बाँडफाँडः | ० | ० | ० |
| | राजस्व बाँडफाँड प्राप्ति (+) | ० | ० | ० |
| | राजस्व बाँडफाँड हस्तान्तरण (-) | ० | ० | ० |
| | | | ० | |
| | अन्य आयः | ० | ० | ० |
| | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रक | ० | ० | ० |
| | बेरुजु असुली | ० | ० | ० |
| | गत वर्षको नगद मौज्दात | ० | ० | ० |
| | | | | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| अन्तर सरकारी वित्तीय हस्तान्तरणः | ० | ० | ० |
| नेपाल सरकारबाट प्राप्त अनुदानः | ० | ० | ० |
| वित्तीय समानीकरण अनुदान | ० | ० | ० |
| सशर्त अनुदान | ० | ० | ० |
| समपूरक अनुदान | ० | ० | ० |
| विशेष अनुदान | ० | ० | ० |
| | | | |
| प्रदेश सरकारबाट प्राप्त अनुदानः | ० | ० | ० |
| वित्तीय समानीकरण अनुदान | ० | ० | ० |
| सशर्त अनुदान | ० | ० | ० |
| समपूरक अनुदान | ० | ० | ० |
| विशेष अनुदान | ० | ० | ० |
| | | | |
| अन्य स्थानीय तहबाट प्राप्त अनुदानः | ० | ० | |
| सशर्त अनुदान | ० | ० | ० |
| समपूरक अनुदान | ० | ० | ० |
| विशेष अनुदान | ० | ० | ० |
| | | | |
| जनसहभागिताः | ० | ० | ० |
| नगद सहभागिता | ० | ० | ० |
| श्रम तथा वस्तुगत सहायता | ० | ० | ० |

नोट- राजस्वका शिर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ । स्थानीय तहका राजस्व शिर्षकहरु नतोकिएसम्म यसै

Scanned with CamScanner

# व्यय अनुमान

आ.व.२०७५/७६

अनुसूची-३

रु. हजारमा

| शीर्षक | आ.व.७३/०७४ को यथार्थ | आ.व.०७४/०७५ को संशोधित अनुमान | आ.व.७५/०७६ को अनुमान |
|---|---|---|---|
| चालु खर्च | ० | ० | ४७४०० |
| पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | ० | ० | ४६०० |
| कर्मचारी पारिश्रमिक तथा सुविधा | ० | ० | १०००० |
| पोशाक भत्ता | ० | ० | १००० |
| स्थानीय भत्ता | ० | ० | ३००० |
| महंगी भत्ता | ० | ० | १००० |
| गाउँपालिका कर्मचारी प्रोत्साहन भत्ता | ० | ० | १००० |
| पदाधिकारी बैठक भत्ता | ० | ० | ५०० |
| अन्य भत्ता बोर्ड बैठक समिति यातायात खर्च | ० | ० | १००० |
| पदाधिकारी अन्य सुविधा | ० | ० | १००० |
| पानी तथा विजुली | | | २०० |
| संचार महसुल खर्च | | | ५०० |
| घरभाँडा | ० | ० | ६०० |
| ईन्धन पदाधिकारी | | | ५०० |
| सवारी साधन मर्मत खर्च | | | १००० |
| मसलन्द तथा कार्यालय सामाग्री खर्च | | | २००० |
| पुस्तक तथा सामाग्री खर्च | | | ५०० |
| अन्य कार्यालय संचालन खर्च | | | ५०० |
| सेवा तथा परामर्श खर्च | | | ५००० |
| कर्मचारी तालिम | | | ५०० |
| अन्य कार्यक्रम खर्च | | | ५०० |
| अनुगमन तथा मुल्यांकन खर्च | | | १००० |
| भ्रमण खर्च | | | १००० |
| विविध खर्च | | | २००० |
| मेसिनरी तथा अन्य औजार सम्भार तथा संचालन खर्च | | | २००० |
| विविध कार्यक्रम खर्च | | | ३००० |
| पत्रपत्रिका छपाई तथा सूचना खर्च | | | ५०० |
| ईन्धन कार्यालय प्रायोजन | | | ३००० |

Scanned with CamScanner

## चौरपाटी गाउँपालिकाको आ.व. २०७५।०७६ का लागि विनियोजित प्रस्तावित बजेट

| क्र.स. | आयोजनाको नाम | वडा नं. | लागत अनुमान (हजारमा) |
|---|---|---|---|
| कुल जम्मा पुजीगत तर्फ खर्च | | | १०६४८७ |
| आर्थिक विकास | | | १२६०० |
| १ | गहुको बिउ खरिद | | ३००० |
| २ | एक वडा एक सहकारी एक वडा एक उत्पादन | | ३५०० |
| ३ | उद्यमशिलता विकास कार्यक्रम | | २००० |
| ४ | कृषि सेवा | | २००० |
| ५ | पशु सेवा | | १५०० |
| ६ | धाराखेत सिचाँई पोखरी | ६ | ४०० |
| ७ | त्रिपुराकुटानी पिसानी मिल भवन निर्माण | ५ | २०० |
| सामाजिक विकास | | | ३१८९७ |
| १ | चौरपाटी खानेपानी आयोजना | १ | २००० |
| २ | जेष्ठ नागरीकसंग अध्यक्ष कार्यक्रम | | ३५० |
| ३ | पूर्ण सरसफाइ कार्यक्रम योजना निर्माण र कार्यान्वयन | | ३०० |
| ४ | बालमैत्री स्थानीय शासन | | ५०० |
| ५ | महिला सशक्तिकरण तथा सीप विकास | | २००० |
| ६ | दलित सशक्तिकरण | | १३०० |
| ७ | अपागता भएका व्यक्तिहरु, एच. आइ. भी. सक्रमित र जोखिममा रहेका बालबालिका लक्षित कार्यक्रम | | ३५० |
| ८ | युवा तथा खलकुद | | २००० |
| ९ | स्वास्थ्य | | ९६४७ |
| १० | बहुक्षेत्रीय पोषण समअनुदान | | १५०० |
| ११ | शिक्षा | | २००० |
| १२ | कालीगाडी खानेपानी फिल्टर ट्यांकी | ४ | ५०० |
| १३ | सैन्यारोल कुसनगडा खानेपानी योजना | ४ | ६०० |
| १४ | छडीखोला कठेमाडे आम सिचाँई कुलो निर्माण | ७ | ५०० |
| १५ | एक वडा एक कला संस्कृति संरक्षण | | ७०० |
| १६ | खुसिमारे सिचाँई पोखरी निर्माण | ७ | ३०० |
| १७ | मदने खानेपानी निर्माण योजना | ४ | ५०० |
| १८ | सेलपाखा आ.वि. खानेपानी निर्माण | ६ | ४०० |
| १९ | मल्लोदुनी चाउडे सिचाई कुलो निर्माण | ६ | ४०० |
| २० | मष्टामाण्डौ चैनखेत खानेपानी योजना मर्मत | ६ | ३०० |
| २१ | सान्नीकोट खानेपानी निर्माण | ६ | २०० |
| २२ | शान्ती मा.वि. तला थप (प्राविधिक को ईष्टिमेट अनुसार ) | ७ | १००० |
| २३ | थुवाली खेत सिचाई कुलो निर्माण | ५ | ५०० |
| २४ | गहतपकाउने सिचाई पोखरी क्रमागत निर्माण | ५ | २५० |
| २५ | चुलेसि खेत खानेपानी निर्माण | ५ | ३०० |
| २६ | सिमखेत गोयलापानी खानेपानी निर्माण | ५ | ३०० |
| २७ | गहिरा सिचाई पोखरी निर्माण | ५ | १०० |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २८ | सिमधारा कालावन विद्यामन्दिर खानेपानी निर्माण | २ | ६०० |
| २९ | गण्डीगाड अमन सिचाई कुलो मर्मत | २ | २०० |
| ३० | पिउसेमुहान कोटपायल सिचाई पोखरी निर्माण | ४ | १००० |
| ३१ | दशपल्ले खानेपानी ट्यांकी | २ | ४०० |
| ३२ | चोइंटे सिचाई कुलो | ४ | ६०० |
| ३३ | सिमखोला खानेपानी निर्माण | ७ | ३०० |
| पूर्वाधार विकास | | | ३८८०० |
| १ | चौरपाटी बजार व्यवस्थापन | १ | १५०० |
| २ | विद्युत विस्तार सात वटै वडा | | ७५०० |
| ३ | किर्तिखाम लुंग्रा चौरपाटी सडक स्तरोन्नती | | १५०० |
| ४ | डाडासुगाडा पायल चौरपाटी सडक स्तरोन्नती | | १५०० |
| ५ | विरखम्म चिरकिट्टे डुंग्री सडक स्तरोन्नती | | १५०० |
| ६ | चौखुट्टे चौरपाटी चित्रे सडक स्तरोन्नती | | २००० |
| ७ | विरखम्म गहिल चौरपाटी सडक निर्माण | | २००० |
| ८ | गैरीलेक चौपायाखाली दाङ सडक स्तरउन्नती | | १५०० |
| ९ | विभिन्न सडक मर्मत | | ३००० |
| १० | चौखुट्टेवाट मुंग्रा पर्यटकिय सडक | ६ | १२०० |
| ११ | गगुडा आधारभूत विद्यालय ४ कोठे भवन निर्माण | ३ | ३००० |
| १२ | बैजनाथ मावि २ कोठे भवन मर्मत झ्याल ढोका मर्मत | ४ | २००० |
| १३ | देवीयुम मन्दिर निर्माण | ५ | ५०० |
| १४ | मष्टावण्डाली चौड्याल मन्दिर निर्माण | १ | १००० |
| १५ | जिमराडी तिर्थालु विश्राम स्थल | ४ | ५०० |
| १६ | जयमष्टा सामुदायिक भवन मर्मत | ७ | ३०० |
| १७ | सिउंडी मावि· ४ कोठे भवन निर्माण | १ | ३००० |
| १८ | सिद्धवावा मन्दिर मर्मत, स्वागत गेट तथा बजार व्यवस्थापन | ६ | १००० |
| १९ | लुंग्रा गहिल ग्रामिण सडक मर्मत | ५ | ५०० |
| २० | माझगहिल त्रिपुरासुन्दरी मन्दिर निर्माण | ५ | २०० |
| २१ | रनागाउं आधार भुत विद्यालय भवन | २ | १६०० |
| २२ | माडी, बैजनाथ मावि· झरवजार सडक मर्मत तथा स्तरउन्नती | ४ | ५०० |
| २३ | भ्यु टावर निर्माण (क्रमागत) | १ | १००० |
| २४ | मार्कु खेलमैदान | ७ | ५०० |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| वन वातावरण तथा बिपद व्यवस्थापन | | | ४३५० |
| १ | चौरपाटी गांउपालिका बहुउद्देश्यीय नर्सरी स्थापना | | ७०० |
| २ | विपद व्यवस्थापन कोष | | २००० |
| ३ | रिचार्ज पोखरी निर्माण तथा सम्भाब्यता अध्ययन | | १००० |
| ४ | वडबाडा कबुलियती वन तारवार | ५ | १५० |
| ५ | कल्लेवगर तटबन्धन | ५ | ५०० |
| सुशासन | | | २३०० |
| १ | बिद्यालयमा बिद्युतिय हाजिरी उपकरण स्थापना | | १००० |
| २ | वडा कार्यालयमा ईन्टरनेट सेवा बिस्तार | | ३५० |
| ३ | सूचना केन्द्र संचालन | | ५०० |
| ४ | वडा र गांउपालिकाको सामाजिक परिक्षण | | ४५० |
| अन्य | | | १६५४० |
| १ | समपुरक कोष | | ५००० |
| २ | बिबिध | | १०००० |
| घ | बहुक्षेत्रीय पोषण योजना | | १५४० |
| | | | |

## वडा नं. १ सिउँडी

| | | | |
|---|---|---|---|
| | जम्मा | | ५२४८ |
| क्र.सं. | आयोजनाको नाम | | लागत अनुमान (हजारमा) |
| | आर्थिक विकास | | १५०० |
| १ | सहकारी भवन ढलान तथा झ्याल ढोका निर्माण योजना | | १००० |
| २ | बरचौठे सिचाई पोखरी निर्माण योजना, पातल | | ५०० |
| | सामाजिक विकास | | ७९८ |
| १ | तेलपारा भकारे खानेपानी निर्माण योजना | | १५० |
| २ | बुढीगंगा बाल विकास केन्द्र भवन मर्मत योजना | | १०० |
| ३ | वडा कार्यालय खानेपानी | | ४८ |
| ४ | गाउंमाकन खानेपानी निर्माण योजना | | ५०० |
| | पूर्वाधार विकास | | २९५० |
| १ | भारीगडा मटेना सडक निर्माण योजना | | १००० |
| २ | ढल्कनेखोला देखि आग्रीखोला सडक निर्माण | | ५०० |
| ३ | खानीडांडा रिखिचडा सेती लोकमार्ग पर्यटकीय मार्ग | | ११०० |
| ४ | बाटेगडा भन्यान सडक मर्मत | | ३५० |
| | वन वातावरण तथा बिपद व्यवस्थापन | | ० |
| | सुशासन | | ० |
| | | | |

## वडा नं. २ सोकट

| क्र.सं. | आयोजनाको नाम | लागत अनुमान (हजारमा) |
|---|---|---|
| | जम्मा | ३९५० |
| | आर्थिक विकास | ८५० |
| १ | सिम सिचाँई पोखरी निर्माण | २५० |
| २ | जालडास्ने सिचाई कुलो मर्मत | ६०० |
| | सामाजिक विकास | २५५० |
| १ | सामुदायिक एकिकृत दलित भवन निर्माण | ८०० |
| २ | भट्किरा आफर निर्माण | १५० |
| ३ | सैन्यागाडी ओडेतोला रातीमाटा खानेपानी निर्माण | ४०० |
| ४ | पिनेरीखोला रानागाउँ खानेपानी मर्मत | १५० |
| ५ | कालावन आफर निर्माण र औजार खरिद | १०० |
| ६ | बागेजामिना खानेपानी मर्मत | २५० |
| ७ | समाजसुधार युवा क्लब व्यवस्थापन | १०० |
| ८ | सिमधारा खानेपानी निर्माण योजना | ६०० |
| | पूर्वाधार विकास | २०० |
| १ | अमट्टेवाडा सडक मर्मत | २०० |
| | वन वातावरण तथा बिपद ब्यवस्थापन | ३५० |
| १ | दाडिमखेत तटबन्धन | २५० |
| २ | खडेउला तटबन्धन | १०० |
| | सुशासन | ० |
| | | |

## वडा नं. ३ सोकट

| क्र.सं. | आयोजनाको नाम | लागत अनुमान (हजारमा) |
|---|---|---|
| | जम्मा | २८८५ |
| | आर्थिक विकास | ० |
| | सामाजिक विकास | २८८५ |
| १ | बरकना बाल विकास केन्द्र ब्यवस्थापन तथा सामाग्री खरिद योजना | ७० |
| २ | घोडेदाउना बाल विकास केन्द्र ब्यवस्थापन तथा सामाग्री खरिद | ७० |
| ३ | घोडेदाउना खानेपानी निर्माण | ४०० |
| ४ | मष्टाबण्डाली मन्दिर | ७०० |
| ५ | चमडा देखि गाउ गग्डा खानेपानी योजना | ३०० |
| ६ | छडिखोला देखि खालिगडा जिन कापडा खडेनी खानेपानी निर्माण | ६०० |
| ७ | बड्डेकुलो सिचाई निर्माण | ५०० |
| ८ | छतारा आवि बालमैत्री कक्षा कोठा निर्माण | १०० |
| ९ | मयागडा तउसिरल नाउला निर्माण | १०० |
| १० | विद्यालय दिया खाजा ढुवानी | ४५ |
| | पूर्वाधार विकास | ० |
| | वन वातावरण तथा बिपद ब्यवस्थापन | ० |
| | सुशासन | ० |
| | | |
| | | |

Scanned with CamScanner

| वडा न.. ४ पायल | | |
|---|---|---|
| जम्मा | | ५२०० |
| क्रसं· | आयोजनाको नाम | अनुमानित रकम(हजारमा) |
| आर्थिक विकास | | ० |
| सामाजिक विकास | | २८५० |
| १ | सुर्यदय प्रावि· २ कोठे भवन निमाण | १६०० |
| २ | स्वास्थ्य चोकी भवनको प्लास्टर , शौचालय निर्माण र झ्याल ढोका मर्मत | ८०० |
| ३ | बज्रयोगीनी मन्दिर निर्माण | २५० |
| ४ | भेटनरी भवनको छाना मर्मत | २०० |
| पूर्वाधार विकास | | २३५० |
| १ | झाड वजार देखि दर्नि ग्रमिण सडक निर्माण | १००० |
| २ | सन्तनिरंकारी भवन निर्माण | ५०० |
| ३ | वडा कार्यालय घेरा पर्खाल र पिपल चौतारा निर्माण | २५० |
| ४ | राधाकृष्ण आवि· घेरा पर्खाल निर्माण | ६०० |
| वन वातावरण तथा विपद व्यावस्थापन | | ० |
| सुशासन | | ० |

| वडा नं. ५ लुंग्रा | | |
|---|---|---|
| जम्मा | | ४००० |
| क्रसं· | आयोजनाको नाम | लागत अनुमान (हजारमा) |
| आर्थिक विकास | | ११५० |
| १ | कालिका महिला समूह कुटानी पिसानी मिल खरिद तथा संचालन | ३५० |
| २ | घट्टेवगड ठुलागडा सिचाइ कुलो निर्माण | २०० |
| ३ | माझवाडा सिचाई पोखरी | २०० |
| ४ | परिखेत घट्टे बगड सिचाई कुलो | १०० |
| ५ | धुलेखोला स्याल ढुंगा सिचाइ कुलो निर्माण | ३०० |
| सामाजिक विकास | | १३०० |
| १ | गाउघर क्लिनिक भवन निर्माण थुवा | २०० |
| २ | बसखेत तोखह खानेपानी योजना | ४०० |
| ३ | पुहमैन खानेपानी योजना | २५० |
| ४ | चिण्डेन खानेपानी योजना | २०० |
| ५ | गांहमाल सिचाई कुलो निर्माण | २५० |
| पूर्वाधार विकास | | १५५० |
| १ | गोयलापानी गहिल सडक (लुंग्रा गहिल सडक खण्ड क क्रमागत ) निर्माण | १२०० |
| २ | ईन्द्रबन सालढाली सडक मर्मत | ३५० |
| वन वातावरण तथा बिपद ब्यवस्थापन | | ० |
| सुशासन | | ० |

| वडा नं. ६ दुनी | | |
|---|---|---|
| | जम्मा | २६०० |
| क्र.स. | आयोजनाको नाम | लागत अनुमान (हजारमा) |
| आर्थिक विकास | | १२०० |
| १ | नाउला कुइयाखेत सिचाई पोखरी | ४०० |
| २ | नरकोटे सिचाई पोखरी | ४०० |
| ३ | खालीखोला सिचाई पोखरी | ४०० |
| सामाजिक विकास | | ६५० |
| १ | मुसेखोला खानेपानी योजना | ३०० |
| २ | मोरी र चाट्न निर्माण | २०० |
| ३ | बालसंरक्षण कार्यक्रम | १५० |
| पूर्वाधार विकास | | ७५० |
| १ | पन्चकोटी भुवाखाडा तल्लो दुनी सडक निर्माण | ५०० |
| २ | चौखुट्टे मष्टामाण्डौ देविमाण्डौ ग्रामिण सडक मर्मत | २५० |
| वन वातावरण तथा बिपद व्यवस्थापन | | ० |
| सुशासन | | ० |
| | | |

| वडा नं. ७ मार्कु | | |
|---|---|---|
| क्र.स. | आयोजनाको नाम | लागत अनुमान (हजारमा) |
| | जम्मा | २३४० |
| | आर्थिक विकास | १००० |
| १ | ऐरी खोला सिचाई योजना | १००० |
| | सामाजिक विकास | ४० |
| १ | एच. आई. भी. सक्रमित लाई आर्थिक सहयोग | ४० |
| | पूर्वाधार विकास | १३०० |
| १ | भवानी आधारभुत विद्यालय भवन निर्माण | ७०० |
| २ | शान्ती मा.वि. ट्रस्ट, डेस्क बेन्च निर्माण | ४०० |
| ३ | सयपडा पटकानी निर्माण | २०० |
| | वन वातावरण तथा बिपद व्यवस्थापन | ० |
| | सुशासन | ० |

Scanned with CamScanner

निर्णय नं. २. यस चौरपाटी गाउँपालिकाको आर्थिक वर्ष ०७५/०७६ को सेवा र कार्यका लागी स्थानिय सञ्चित कोष बाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा चौरपाटी गाउपालिकाको विनियोजन ऐन २०७५ देहाय अनुसार स्वीकृत गरियो।

# चौरपाटी गाऊँपालिकाको विनियोजन ऐन, २०७५

चौरपाटी गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०७५/०३/१६

प्रस्तावनाः चौरपाटी गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम चौरपाटी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "चौरपाटी गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३०५४६५०००।- (अक्षेरुपी तिस करोड चौपन्न लाख पैसठ्ठी हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त चौरपाटी गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

Scanned with CamScanner

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

Scanned with CamScanner

# अनुसूची–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ४७४०० | १०६४८७ | | १५३८८७ |
| २ | | वडा समिति | — | २६२२३ | | २६२२३ |
| ३ | | बिषयगत शाखा | १२५३५५ | | | १२५३५५ |
| ४ | | ऋणको सावा ब्याज भुक्तानी | — | — | — | — |
| ५ | | लगानी शेयर)÷ऋण( | — | — | — | — |

Scanned with CamScanner

सम्वत् २०७४ सालको ऐन नं.१
प्रमाणीकरण भएको मिति : २०७५।०३।१६

# चौरपाटी गाउँपालिकाको

## आर्थिक ऐन २०७५

**प्रस्तावना:**

चौरपाटी गाउँपालिकाको आर्थिक वर्ष २०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम चौरपाटी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि चौरपाटी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर:** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

४. **घर वहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७ **सवारी कर:** गाँउपालिकाको क्षेत्रमा आवत जावत गर्ने सवारी साधनको पटके कर अनुसूचि (६) बमोजिम असुर उपर गरिनेछ। वार्षिक रुपमा सवारी कर गाँउपालिकालाई बुझाउने करदाताले पटके कर तिर्नु पर्ने छैन।

८. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ।

Scanned with CamScanner

९. **मनोरन्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क**: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क**: गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **स्थानीय पुर्वाधार, प्राकृतिक श्रोत र सेवा शुल्क दस्तुर**: गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि**: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

१४. यस गाउँपालिका क्षेत्रबाट ढुंगा गिट्टी, बालुवा संकलन गरि अन्य स्थानीय तहमा पैठारी गर्दा गाउँपालिकाको अनिवार्य रुपमा अनुमती लिनुपर्नेछ ।

Scanned with CamScanner

## अनुसूची -१

(दफा २ सँग सम्वन्धित)

एकिकृत सम्पत्ति कर / घरजग्गा करका दरहरू

यस सम्वन्धी व्यवस्था गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## अनुसूची -२

(दफा ४ सँग सम्वन्धित)

घरबहाल करका दरहरू

यस चौरपाटी गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, ग्यारेज, गोदाम आंशिक तवरले वहालमा व्यक्ति वा संस्थावाट मासिक भाँडाको १० प्रतिशत रकम असुल उपर गरिनेछ ।

## अनुसूची -३

(दफा ५ सँग सम्वन्धित)

व्यवसायमा लगाईने वार्षिक करका दरहरू


| व्यवसायिक करको दररेट | | |
|---|---|---|
| प्रकरण नं. | विवरण | आ.व. २०७५।०७६ का लागि प्रस्तावित राजश्वको वार्षिक दररेट |
| १ | **मदिरा होटल** | |
| १.१ | मदिरा डिलर (अनुमती पत्र प्राप्ती सिफारिस) | १५००० |
| १.२ | मदिरा डिलर (अनुमती पत्र नविकरण सिफारिस ) | ५००० |
| १.३ | मदिरा खुद्रा (अनुमती पत्र प्राप्ती सिफारिस ) | ७००० |
| १.४ | मदिरा खुद्रा (अनुमती पत्र नविकरण सिफारिस ) | २००० |
| १.५ | मदिरा सहितको कोल्ड स्टोर (अनुमती पत्र प्राप्ती सिफारिस) | ८००० |
| १.६ | मदिरा सहितको कोल्ड स्टोर (अनुमती पत्र नविकरण सिफारिस) | २५०० |
| २ | **ज्वेलरि:** | |
| २.१ | सुनचादिका गहना बनाउने खरिद तथा विक्रि गर्ने पसल | २००० |
| २.२ | सुनचादिका गहना हातले बनाउने पसल | १५०० |
| २.३ | सुनचादिका गहना हातले बनाउने तथा मर्मत गर्ने | १००० |
| ३ | **भिडियो रेकर्डर प्लेयर आदिका थोक तथा खुद्रा व्यवसाय :** | |
| ३.१ | भिडियो टेलिभिजन तथा फ्रिज विक्रि गर्ने योजना | २००० |
| ३.२ | साउण्ड सिस्टम भाडामा दिने योजना | १००० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ३.३ | निर्माण सामाग्री, कम्प्युटर, विधुत सम्बन्धी सामाग्री, कार्पेट र पेट्रोलियम पदार्थको थोक तथा खुद्रा विक्रेता | १५०० |
| ४ | **निर्माण सामाग्री** | |
| ४.१ | रंगरोगन, किला काटी, सन्माइका,प्लाइउड, सेनेटरि सामान सरिया, सिमेन्टका साथै फ्लोरिङ फिनिसिङ र अन्य सामाग्रीको थोक तथा खुद्रा विक्रेता | ५००० |
| ४.२ | उपदफा क बमोजिम खुद्रा मालसामान का साथै कृषि उपकरणका सामाग्री बिक्रि वितरण गर्ने लाइ | ७०० |
| ४.३ | किला काटी, रंगरोगनका सामान विक्रेतालाइ | १००० |
| ४.४ | सरिया सिमेन्ट मात्र अलग विक्रि गर्नेलाइ | २५०० |
| ५ | **कम्प्युटर अन्य ईलोक्ट्रानिक्स सामान** | |
| ५.१ | कम्प्युटर र सोका पार्टस विक्रि गर्ने पसललाई | १००० |
| ५.२ | मोवाइल ग्यालरि, मोवाइल सेट विक्रि वितरण | १००० |
| ५.३ | मोवाइल मर्मत | ५०० |
| ६ | **विधुतिय सामान :** | |
| ६.१ | विजुलिका सामानका साथै विजुलिवाट चल्ने उपकरण जस्तै हिटर, कुलर, पंखा, आइरन आदिलाई | २५०० |
| ६.२ | विजुलीका सामान मात्र विक्रि गर्नेलाई | १००० |
| ६.३ | रेडियो घडि विक्रि गर्ने पसललाइ | १००० |
| ६.४ | **पेट्रोलियम पदार्थका थोक तथा खुद्रा व्यापारलाई** | |
| ६.५ | एक पम्प मात्र भएकालाई | २००० |
| ६.६ | ड्रममा पेट्रोलियम पदार्थ विक्रेताबाट तेल बेच्नेलाई व्यापारमा | १००० |
| ७ | **दैनिक उपभोगका खाद्य पदार्थ, सुति कपडा आदिका थोक तथा खुद्रा व्यापारमा किराना पसलका साथसाथै अन्य मालसामान भएकालाइ पनि** | |
| ७.१ | ठूला पसललाइ | १५०० |
| ७.२ | मझौला पसललाइ | ८०० |
| ७.३ | साना थोक वा खुद्रा विक्रेतलाइ | ५०० |
| ८ | **सुति कपडा पसलाइ** | |
| ८.१ | कपडा थोक पसल | १००० |
| ८.२ | कपडा खुद्रा पसल | ७०० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| **९** | **सवारी साधन मर्मत सम्भार गर्ने** | |
| ९.१ | विभिन्न सवारि साधनका पार्टस तथा मर्मत गर्ने | १००० |
| **१०** | **विशेषज्ञ परामर्श तथा अन्य व्यवशायिक सेवा** | |
| १०.१ | चिकित्सक | १२०० |
| १०.२ | कविराज बैद्य | ७०० |
| १०.३ | ईन्जीनियर | १००० |
| १०.४ | कानुन व्यवशायी | २००० |
| १०.५ | लेखा परिक्षक | २००० |
| १०.६ | दन्त चिकित्सक | १००० |
| १०.७ | अनुसन्धानकर्ता र परामर्शदाता | १००० |
| १०.८ | कम्प्युटर एनालिष्ट र प्रोग्रामर | ५०० |
| १०.९ | विमा एजेन्ट | ४०० |
| १०.१० | सर्भेएर | १००० |
| १०.११ | पशु चिकित्सक | ५०० |
| १०.१२ | सेयर दलाल | २००० |
| १०.१३ | सामान ढुवानीकर्ता तथा कम्पनी राष्ट्रिय | ८०० |
| १०.१४ | सामान ढुवानीकर्ता तथा कम्पनी स्थानिय | ५०० |
| १०.१५ | सस्थागत पेन्टर स्थानिय | १००० |
| १०.१६ | घर नक्साको डिजाइन गर्ने कन्सल्टेन्सिलाइ | २००० |



Scanned with CamScanner

# अनुसूची -४

(दफा ६ सँग सम्बन्धित)

## गाउँपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तुमा लगाईने कर

| क.सं.. | विवरण | इकाई | प्रति इकाई दर रु | कैफियत |
|---|---|---|---|---|
| **जडिबुटि** | | | | |
| १ | झ्याउँ | प्रति के.जी. | ७.०० | |
| २ | सिस्नो | प्रति के.जी. | ५.०० | |
| ३ | अमला | प्रति के.जी. | २.०० | |
| ४ | रिठो | प्रति के.जी. | ३.०० | |
| ५ | सिलाजु | प्रति के.जी. | ५००.०० | |
| ६ | काउलो | प्रति के.जी. | २.०० | |
| ७ | पडिफुल | प्रति के.जी. | ३.०० | |
| ८ | गुर्जो | प्रति के.जी. | २.०० | |
| ९ | हर्रो | प्रति के.जी. | २.०० | |
| १० | कुरीलोको जरा | प्रति के.जी. | ३.०० | |
| ११ | अम्रिसो | प्रति के.जी. | २.५० | |
| १२ | खोटो | प्रति के.जी. | १.५० | |
| १३ | साधारण च्याउ | प्रति के.जी. | ४.०० | |
| १४ | सल्लो/उत्तीस र अन्य बरामदी काठ (गोलीया) | प्रति. क्यु.फि. | ५.०० | |
| १५ | सल्लो/उत्तीस र अन्य बरामदी काठ (चिरान) | प्रति. क्यु.फि. | १०.०० | |
| १६ | बास | प्रति गोटा | २.०० | |
| १७ | निगालो | प्रति गोटा | २.०० | |
| **कृषि, पशु तथा पशुजन्य वस्तु:** | | | | |
| १ | गाउँपालिका क्षेत्र भन्दा बाहिर भैंसी जात (भैंसी र राँगा) पैठारी भएमा | प्रति गोटा | ५०० | |
| २ | भेडा, बाखा, बंगुर आदी जात | प्रति गोटा | ३० | |
| **कवाडी** | | | | |
| १ | ट्याक्टर | प्रति ट्रिप | ५०० | |
| २ | मिनीट्रक | प्रति ट्रिप | ८०० | |
| ३ | ट्रक | प्रति ट्रिप | १२०० | |

Scanned with CamScanner

## अनुसूची -५

(दफा ८ सँग सम्बन्धित)

सवारी साधनमा लगाईने बार्षिक कर

| क.सं. | सवारी साधनको विवरण | प्रशतावित वार्षिक दर रु. |
|---|---|---|
| यस क्षेत्रमा नियमित रुपमा चलाउने सवारी धनी | | |
| १ | मोटरसाइकल कर | १०० |
| २ | चारपाङ्ग्रे जिप | ८०० |
| ३ | चारपाङ्ग्रे ट्रयाक्टर | १२०० |

## अनुसूची -६

(दफा ८ सँग सम्बन्धित)

विज्ञापनमा लगाईने बार्षिक कर

| क.सं. | विवरण | प्रशतावित वार्षिक दर रु. |
|---|---|---|
| १ | विज्ञापन प्रति होडिङबोर्ड गर्ने | ५०० |

*नोट : सुचना मुलक विज्ञापनमा कुनै किसीमको कर लाग्ने छैन ।*

## अनुसूची -७

(दफा ९ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने मनोरञ्जन कर

| क.सं. | विवरण | प्रशतावित वार्षिक दर रु. |
|---|---|---|
| १ | भिडियो हल संचालकबाट | ५०० |
| २ | क्यारेम बोर्ड | २०० |

Scanned with CamScanner

## अनुसूची -८

(दफा १० सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने ईक्जाभेटर वहाल शुल्क कर

| क.सं.. | विवरण | इकाई | प्रशतावित प्रति घण्टा दर रु |
|---|---|---|---|
| गा.पा. को ईक्जाभेटर भाडामा | | | |
| १ | बकेट | प्रति घण्टा | ६३५० |
| २ | ब्रेकर | प्रति घण्टा | ७८५० |

## अनुसूची -९

(दफा ११ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने पार्किङ्ग शुल्क

यस सम्बन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

## अनुसूची -१०

(दफा १२ सँग सम्बन्धित)

ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्क

यस सम्वन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

Scanned with CamScanner

# अनुसूची -११
(दफा १३ सँग सम्बन्धित)
## सेवा शुल्क, दस्तुर

| प्रकरण नं. | विवरण | आ.व. २०७५।०७६ का लागि प्रस्तावित राजश्वको प्रति सिफारिस दररेट रु. |
|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | १०० |
| २ | छात्रबृति सिफारिस | ५० |
| ३ | विपन्न विद्यार्थी आत्र वृति सिफारिस | ० |
| ४ | अपांग सिफारिस निशुल्क | ० |
| ५ | अस्थायी बसोवास सिफरिस | १०० |
| ६ | आर्थिक अवस्था सम्बन्धी सिफारिस (वलियो) | २०० |
| ७ | आर्थिक अवस्था सम्बन्धी सिफारिस (कमजोर) | ५० |
| ८ | विद्युत जडान सिफारिस | १०० |
| ९ | नागरिकता सिफारिस | १०० |
| १० | अंगीकृत नागरिकता सिफारिस | १००० |
| ११ | जिवित रहेको सिफारिस | १०० |
| १२ | जन्म मिति संशोधन सिफारिस | १०० |
| १३ | घरजग्गा मूल्याङ्कन सिफारिस/प्रमाणित ( प्रति कित्ता १०० र थप प्र.कि. रु. २५ ) | १०० |
| १४ | जग्गा दर्ता सिफारिस | १०० |
| १५ | सरक्षक सिफारिस | ५० |
| १६ | कित्ता काट सिफारिस | १०० |
| १७ | नाता प्रमाणित सिफारिस | १०० |
| १८ | निशुल्क/सशुल्क स्वास्थ्य उपचार सिफारिस | ५० |
| १९ | संस्था दर्ता सिफारिस (नाफामूलक ) | २००० |
| २० | विद्यालयको कक्षा वृद्धि सिफारिस | ५०० |
| २१ | पुर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस | ५०० |
| २२ | संस्था दर्ता सिफारिस (सेवामुलक ) | ५०० |
| २३ | संस्था नविकरण सिफारिस | ५०० |

Scanned with CamScanner

| | | |
|---|---|---|
| २४ | घरबाटो प्रमाणित सिफारिस | १०० |
| २५ | चारकिल्ला प्रमाणित | १०० |
| २६ | विवाह प्रमाणित | १०० |
| २७ | जन्म मिति प्रमाणित | १०० |
| २८ | नामथर फरक फरक भएको एउटै हो भन्ने सिफारिस | १०० |
| २९ | फरक फरक जन्म मिति प्रमाणित | १०० |
| ३० | हकदार प्रमाणित | १०० |
| ३१ | संरक्षक प्रमाणित | १०० |
| ३२ | अविवाहित प्रमाणित | १०० |
| ३३ | नामथर संशोधन प्रमाणित | १०० |
| ३४ | जग्गा धनी प्रमाण पुर्जा सिफारिस | १०० |
| ३५ | पुर्जामा घर कायम गराउने | १०० |
| ३६ | मिलापत्र कागज गराउने दुवै पक्षवाट | २००/२०० |
| ३७ | जन्मदर्ता (३५ दिनसँम्म निशुल्क ) | ५० |
| ३८ | मृत्युदर्ता (३५ दिनसँम्म निशुल्क ) | ५० |
| ३९ | विवाह दर्ता (३५ दिनसँम्म निशुल्क ) | ५० |
| ४० | वसाईसराई दर्ता (३५ दिनसँम्म निशुल्क ) | ५० |
| ४१ | प्रमाणिकरण | १०० |
| ४२ | संस्था दर्ता शुल्क | १००० |
| ४३ | अंग्रेजी सिफारिस शुल्क | २०० |

## अनुसूची -१२

(दफा १४ सँग सम्बन्धित)

गाउँपालिकाले लगाउने पर्यटन शुल्क

यस सम्वन्धी अन्य व्यवस्था गाउँकार्यपालिकाले तोकेलबमोजिम हुनेछ ।

Scanned with CamScanner